**मिति २०८२।०२।२० गते बसेको गैंडाकोट नगरपालिकाको आ.व. २०८१/०८२ को १३ औं नगर कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं. १** गैंडाकोट नगरपालिकाको ई- ठेक्का नं. 03/IR/NCB/GMO/081/082 (आन्तरिक आय) अन्तर्गत श्री ब्रिटानिक मौलाकालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., हेटौडा-१०, मकवानपुर र गैंडाकोट नगरपालिका बीच भएको मिति २०८२/०१/१५ को सम्झौता बमोजिमको नदिजन्य पदार्थ, सम्झौता बमोजिमको शर्तका अधिनमा रहि ८०,४३० घ.मि. नदिजन्य पदार्थ उत्खनन संकलन तथा बिक्रि सम्बन्धि कार्य गर्न गराउन मिति २०८२/०१/१५ गते देखि अधिकतम २०८२/०२/३१ सम्म (परिमाण उल्लेखित समय अगाबै तोकिएको परिमाण पुरा भएको खण्डमा सोहि मिति अन्तिम हुने गरी) लागु हुने गरी उक्त नगरपालिकाबाट दिइएको कार्यादेश बमोजिम उल्लेखित कार्य हुँदै गर्दा मिति २०८२/०२/१५ गते दिउसो ३:०० बजे आसपास नारायणी नदिमा एक्कासी जलसतह बढ्न गई उत्खनन क्षेत्र सम्म पुग्ने बाटो बगाएको भनि ईलाका प्रहरी कार्यलय, गैंडाकोट-२, वडा नं.९ को वडा कार्यालय, नगरपालिकाको योजना अनुगमन तथा सुपरिवेक्षण समिति तथा नदिजन्य पदार्थ बिक्रि निर्देशक समिति समेतबाट मिति २०८२/०२/१८ मा सिफारिस भए बमोजिम उक्त मिति देखि नदिजन्य पदार्थ उत्खनन संकलन तथा बिक्रि सम्बन्धि कार्य बन्द रहेको जानकारी प्राप्त हुन आएको सन्दर्भमा, उक्त अबधि सम्म सम्झौतामा उल्लेखित परिमाण ८०,४३०.०० घ.मि. मध्ये ५१,२५०.०० घ.मि. उत्खनन संकलन तथा बिक्रि भई सकेको र २९,१८०.०० घ.मि. नदिजन्य पदार्थ उत्खनन संकलन तथा बिक्रि हुन नसकेको दैनिक तेरिजको बिबरणबाट देखिन आएको साथै मिति २०८१/०२/१९ गतेको जिल्ला विपद ब्यबस्थापन समितिको निर्णय समेतका आधारमा मिती २०८१/१०/२१ स्वीकृत प्रारम्भिक वातावरणिय परिक्षण प्रतिबेदन अनुसार वडा नं.७ स्थित खलेचौरको D/S (दक्षिण) तर्फबाट (०+१३० चेनेज देखि ०+९० चेनेज सम्म गरी जम्मा ४० मि. U/S (उत्तर)) तर्फको क्षेत्रबाट बाकि परिमाण २९,१८०.०० मात्र मिति २०८२/०२/३१ भित्र उत्खनन संकलन तथा बिक्रि बितरण सम्बन्धि कार्य सम्पन्न गर्ने गरी अनुमति दिन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. २** सघन शहरी तथा भवन निर्माण आयोजनाबाट गैंडाकोट-१ मौलाकालिका पूर्वाधार निर्माण र मन्दिर परिक्रमा पथ निर्माणको लागि रु. १ करोड बजेटको टेण्डर भई योजना कार्यान्वयनमा रहेको र मौलाकालिका मन्दिर धार्मिक समितिबाट समेत अनुरोध भई आएकोले टेण्डर हुँदा भएको बाँकी रहेको बजेटबाट नयाँ योजना बनाई कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ३** नगर कार्यपालिकाको कार्यालयबाट आ.व.२०८०/०८१ मा व्यवस्थापन भएका तपसिल बमोजिमका ठेक्काहरुको सम्बन्धित ठेकेदार कम्पनीहरुबाट प्राप्त निवेदन तथा निर्माणस्थलमा देखिएको कार्यप्रगति,निज कम्पनीहरुले पेश गरेको कारण र औचित्य समेतका आधारमा गैंडाकोट नगरपालिकाको सार्वजनिक खरिद् नियमावली २०७७ को नियम १२९ बमोजिम म्याद थप गर्ने निर्णय गरियो।

| सि .न. | योजनाको नाम | ठेक्का नं. | ठेक्का प्राप्त कर्ता कम्पनी र कार्य स्थलको नाम ठेगाना | सम्झौताबमोजिम अन्तिम म्याद | नयाँ कार्य सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|
| 1 | Upgrading (Blacktopping) of Different Roads at Gaindakot Municipality Ward no. 1, 4, 5, 6, 8, 9 and 17, Nawalpur (East) | 12/GM/NCB/2080-081 | Manakamana Contractor's and Builders Pvt. Ltd. | 28th poush 2081 | 10th Ashar 2082 |
| 2 | Upgrading (Blacktopping) of Different Roads at Gaindakot Municipality Ward no.1, 4 and 6, Nawalpur | 13/GM/NCB/2080-081 | Indrashree Nirman Sewa pvt.ltd. | 28th magh 2081 | 10th Ashar 2082 |

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

CamScanner

**निर्णय नं.** ४ गैंडाकोट नगरपालिका अन्तर्गतका वडाबाट सिफारिस भई आएका बर्षादको समयमा विपद्को उच्च जोखिम रहेका देहाय बमोजिमका योजनाको लागि नगरपालिकाको आन्तरिक स्रोतबाट भुक्तानी दिने गरी कार्य गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

१. वडा नं. १ को शुभटोल अन्तर्गत वाल/ नाला निर्माण रु. २ लाख।

२. वडा नं. १७ को त्रिपुरेश्वर समसानघाट जाने बाटोमा प्लमवाल निर्माण रु.२ लाख।

**निर्णय नं.** ५ गैंडाकोट नगरपालिका वडाहरु / समितिबाट विभिन्न मितिको निर्णयानुसार सिफारिस भई आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरुको शिर्षाकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

| वडा नं. | साविकको योजना | रकम | परिवर्तित योजना शिर्षक | रकमान्तर योजना रकम |
|---|---|---|---|---|
| ५ | विपद व्यवस्थापन (क्र.सं.२७९) मध्येबाट | रु.२,००,०००/- | राधाकृष्ण मन्दिरमा वाल तथा प्लाष्टर निर्माण | रु.२,००,०००/- |

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

CamScanner